annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २२३ पृष्ठ ८ | काठमाडौं, बुधबार ३ पुस २०८१ | पौष कृष्णपक्ष तृतीया नेपाल संवत् ११४५ | WEDNESDAY, DECEMBER 18, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



अन्नपूर्ण आईआई हिमालमा आइतबार (पूर्णिमाको दिन) बागलुङको जैमिनी नगरपालिका–३ दमेकबाट देखिएको चन्द्रमाको सुन्दर दृश्य। ● अर्जुन कार्की

कभर स्टोरी

## उपल्लो डोल्पामा छैन सीमा सुरक्षा, स्थानीय सधैं त्रासमा

उपल्लो डोल्पाको मोरिम्ला र क्याटो नाका सुरक्षाका लागि राज्यले कुनै चासो दिएको देखिन्न। प्रत्येक वर्ष सीमाक्षेत्र अनुगमनमा हेलिकप्टर चढेर उपल्लो डोल्पा पुग्छन् सरकारी प्रतिनिधि र उच्च राजनीतिक नेतृत्व। नाकालाई वैध बनाउने प्रतिबद्धता पनि व्यक्त गर्छन्। तर, काठमाडौं फर्केपछि कुनै ठोस कदम चाल्दैनन्। सीमा सुरक्षाको जिम्मा पाएको सशस्त्र प्रहरी यहाँ नहुँदा नेपालको भौगोलिकता र अखण्डताको रक्षामा राज्यले चासो नदिएको प्रष्ट देखिन्छ।

रामचन्द्र न्यौपाने | *डोल्पा*

– को रिपोर्ट

प्रचुर व्यापारिक सम्भावना बोकेको मोरिम्ला नाका यस वर्ष पाँच वर्षपछि खुलेको छ। कोरोना कहरपछि चीनले पाँच वर्षसम्म नाका खुलाउन अनुमति नदिँदा नाका खुल्न सकेको थिएन।

ती क्षेत्रमा चिनियाँ प्रहरी नियमित पुग्ने तर नेपालका तर्फबाट भने सुरक्षा बल नहुँदा चिनियाँ प्रहरीले के कस्ता गतिविधि गर्छन् भन्ने विषय रहस्यमय रहेको स्थानीयको भनाइ छ।

अस्थायी रूपमा सञ्चालन हुँदै आएको मोरिम्ला नाका क्षेत्रमा सशस्त्र प्रहरीको सुरक्षा (बीओपी) राख्ने कुरा वर्षौंदेखि अन्योलमा पर्दै आएको छ।

यी नाका आधिकारिक रूपमा खुलाइएमा नेपालमा उत्पादन हुने यार्सागुम्बालगायतका जडीबुटी सिधै चिनियाँ बजारमा निर्यात गर्न सकिन्छ।

रणनैतिक महत्व बोकेका यी तीन नाकामध्ये मोरिम्ला नाका पूर्णरूपमा सञ्चालनमा आएमा चीनको सामान नेपाल हुँदै भारत र भारतको सामान नेपाल हुँदै चीन पुऱ्याउन सकिन्छ।

जिल्ला प्रहरी कार्यालय डोल्पाका अनुसार २०७२ सालदेखि हालसम्म उपल्लो डोल्पाबाट ७३ थान प्राचिन मूर्ति चोरी भएकोमा ५० थान फेला परे। अझै २३ थान फेला पर्न बाँकी छ।

समाचार पृष्ठ २



## भ्रष्टाचार मुद्दामा हदम्याद नलाग्ने, अख्तियारलाई बलियो बनाइँदै

सुरेन्द्र काफ्ले | *काठमाडौं*

अब बन्ने भ्रष्टाचारसम्बन्धी कानुनमा भ्रष्टाचार मुद्दामा हदम्याद नलाग्ने व्यवस्थादेखि नीतिगत निर्णयलाई परिभाषित गरिएको छ। तर, निजी क्षेत्रलाई भने अख्तियारको क्षेत्राधिकारभन्दा बाहिर नै राखिने भएको छ। विशेष अनुसन्धान विधि र नवीन प्रविधि प्रयोग, हदम्याद नलाग्ने, बेनामी उजुरी दिन पाउनेलगायत व्यवस्थामा सहमति जुटाउँदै भ्रष्टाचार निवारण ऐन २०५९ लाई संशोधन गर्न बनेको विधेयक र अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक राज्य व्यवस्था तथा सुशासन समितिको उपसमितिबाट पारित भएको छ। यी विधेयकमा सहमति जुटाउन राज्य व्यवस्था समितिले सांसद हृदयराम थानीको संयोजकत्वमा उपसमिति बनाएको थियो।

उपसमितिको लामो छलफलपछि निजी क्षेत्रलाई अख्तियार क्षेत्राधिकारबाट बाहिर राख्ने सहमति जुटाएको संयोजक थानीले जानकारी दिए। विधेयकमा निजी क्षेत्रलाई अख्तियारको क्षेत्राधिकारभित्र राख्न प्रस्ताव गरिएको थियो। यो व्यवस्थाले बैंक, मेडिकल कलेज, निजी अस्पताललगायत निजी कम्पनीहरू अख्तियारको क्षेत्राधिकार बाहिर नै रहनेछन्। निजी क्षेत्रको अनियमितता हेर्ने अन्य निकाय रहेका कारणले अख्तियारको क्षेत्राधिकारभित्र नराख्ने सहमति भएको उपसमितिका एक सदस्यले बताए।

### नीतिगत निर्णयको परिभाषा

संसदीय उपसमितिमा 'नीतिगत निर्णय'लाई



परिभाषित गरिएको छ। प्रचलित कानुनमा 'नीतिगत निर्णय' सम्बन्धी स्पष्ट व्याख्या नरहेको कारण भ्रष्टाचारसम्बन्धी अनुसन्धानको क्रममा द्विविधा हुने गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को उपदफा (ख) मा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रूपमा गरेको नीतिगत निर्णय सम्बन्धमा आयोगले कुनै कारबाही नगर्ने प्रावधान छ। यो व्यवस्थाको दुरुपयोग देखिने गरी बदनियतसाथ मन्त्रालयबाटै गर्न सकिने नियमित प्रशासनिक र सार्वजनिक खरिदसम्बन्धी विषयलाई समेत मन्त्रिपरिषद्बाट निर्णय गराई नीतिगत निर्णयको आवरणमा अनुसन्धानबाट उम्कने प्रवृत्ति रहँदै आएको छ।

अब भने कानुनबमोजिम लानुपर्ने बाहेकका कुरा मन्त्रिपरिषद्मा लान नपाइने भएको छ। संघीय मन्त्रिपरिषद् र प्रदेश मन्त्रिपरिषद्बाट हुने निर्णयले व्यक्ति, संघ, संस्था वा कुनै कम्पनीलाई फाइदा पुऱ्याएको छ कि राज्य र जनतालाई फाइदा पुऱ्याएको छ भनेर हेर्न सकिन्छ। राज्य र जनतालाई फाइदा पुऱ्याएको छैन भने त्यो नीतिगत निर्णयको नाममा भ्रष्टाचार भएको आशंकामा अनुसन्धान गर्न सकिनेछ, भन्ने उपसमितिले तयार पारेको प्रतिवेदनमा भनिएको छ। उपसमितिले कानुनमा कुनै निकाय वा अधिकारीले निर्णय गर्नुपर्ने विषयमा अधिकार क्षेत्र नाघेर मन्त्रिपरिषद्मा लगेर निर्णय गरिएमा त्यसलाई समेत नीतिगत निर्णयको रूपमा लिन नहुने व्यवस्था गरेको छ।

### भ्रष्टाचार मुद्दामा अब हदम्याद नलाग्ने

भ्रष्टाचार मुद्दामा हदम्याद लगाउनुपर्ने प्रस्ताव गरिएको थियो तर उपसमितिले भ्रष्टाचारका मुद्दा जहिले पनि चलाउने सकिने व्यवस्थालाई अनुमोदन गरेको छ। विधेयकमा भ्रष्टाचारजन्य कसुरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनुपर्ने छ भन्ने प्रस्ताव गरिएको थियो। यो प्रस्तावलाई उपसमितिले अस्वीकार गरेको छ।

### बेनाम उजुरी दिन पाउने

बेनामी उजुरी दिन पाउने कि नपाउने भन्ने विषयमा ठूलै छलफल चल्यो। अन्तत वेनामी उजूरीको विषयमा अघिल्लो ऐनमा नै रहेको व्यवस्था यथावत् रहने भएको छ।

» बाँकी पृष्ठ ६

## सबै तहका सरकार जनताप्रति उत्तरदायी हुनुपर्छ : प्रधानमन्त्री



**ललितपुर** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले सबै तहका सरकार जनताप्रति सेवाभावका साथ उत्तरदायी भएर प्रस्तुत हुनुपर्ने बताए।

ललितपुर महानगरपालिकाको १०६औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले ललितपुर नगर प्रहरी आतंकको पर्याय नभई रक्षकको पर्याय बनेकामा प्रशंसा गर्दै जनप्रतिनिधि र कर्मचारीले घमण्ड र तनाव नलिई सेवाभाव प्रस्तुत गर्नुपर्नेमा जोड दिए।

'नगर प्रहरी देख्दा जनताले रक्षक आए भन्ने ठान्नुपर्छ। नगर प्रहरी आउँदा जनता आफ्ना सरसामान हत्तपत्त लुकाएर कहाँ भाग्ने भन्ने आतंकमा रहनुपर्ने अवस्था हुनुहुँदैन।' प्रधानमन्त्री ओलीले भने, 'हामी जनताका सेवक हौं। हामीले शासक र हाकिम हुँ भन्ने प्रवृत्ति बिर्सनुपर्छ। हामीभित्र घमण्ड पस्नु हुँदैन। तनाव लिने र दिने काम पनि गर्नुहुँदैन। हामीले जातीय विविधताको सम्मान र राष्ट्रिय एकतालाई कायम गर्दै सुशासनयुक्त समृद्ध नेपाल निर्माणको बाटामो तीव्रताका साथ अगाडि बढ्नुपर्छ।'

## उद्योगमा बल्झियो लोडसेडिङ

### उद्योगी भन्छन्-प्राधिकरणको नियत नै खराब

सुनिता कार्की | *काठमाडौं*

हाल विद्युत्‌को उच्च माग छ- करिब १८ सय मेगावाट। तर, उत्पादन भइरहेको छ- करिब १५ सय मेगावाट मात्रै। छिमेकी भारतले पनि साँझको समय (पिक डिमान्ड)मा नेपाललाई विद्युत् नदिने जनाएको छ। त्यसैकारण, उद्योग क्षेत्रमा लोडसेडिङ गर्नुपर्ने अवस्था आएको विद्युत् प्राधिकरणको भनाइ छ। तर, उद्योगीले भने प्राधिकरणको नियत नै खराब रहेको प्रतिक्रिया दिएका छन्।

प्राधिकरणले विद्युत्‌को माग र आपूर्तिबीचको सन्तुलन नहुँदा औद्योगिक क्षेत्रमा विद्युत् कटौती गर्ने जनाएको छ। साँझको समयमा हुने उच्च माग (पिक डिमान्ड)को समय केही घन्टा औद्योगिक क्षेत्रमा विद्युत् कटौती गर्नुपर्ने कार्यकारी निर्देशक कुलमान घिसिङले बताएका छन्। विद्युत्‌को कुल जडित क्षमता भने करिब ३४ सय मेगावाट पुगेको छ। तर, हिउँदमा नदी/खोलामा पानी कम हुँदा विद्युत् उत्पादन पनि ह्वातै घटने गरेको छ।

साँझको समयमा भारतबाट पनि आपूर्तिको अनुमति नहुँदा विद्युत् कटौती गर्नुपर्ने घिसिङले जानकारी दिए। गत असोजमा आएको बाढीले माथिल्लो तामाकोशी आयोजना बन्द हुँदा ४५६ मेगावाट राष्ट्रिय प्रसारणबाट बाहिरिँदा त्यसको असर आपूर्ति व्यवस्थापन देखिएको घिसिङले बताए।

'४५६ मेगावाटको माथिल्लो तामाकोशीबाट उत्पादन सुरु नभएसम्म बढी विद्युत् माग हुने साँझको समय (पिक)मा औद्योगिक क्षेत्रको विद्युत्




केही कटौती हुने देखिएको छ,' उनले भने। यो कटौतीलाई लोडसेडिङ भन्न नमिल्ने उनको तर्क छ। पुस १० गतेबाट माथिल्लो तामाकोशी सञ्चालनमा ल्याउने तयारी भएको बताउँदै घिसिङले भने, 'पुस १० गतेभित्र विद्युत् उत्पादन सुरु गर्ने र त्यसको १५ दिनभित्रमा पिक समयमा चलाउने गरी माथिल्लो तामाकोशीको मर्मतसम्भार भइरहेको छ।

विद्युत् माग कम हुने समयमा पानी जम्मा गरी आयोजनालाई पिक समयमा ४ घण्टा पूर्ण क्षमतामा चलाउन सकिन्छ। त्यसपछि भारतबाट विद्युत् आयात नभए पनि आपूर्ति व्यवस्थापन हुन्छ।' कार्यकारी निर्देशक घिसिङले पिक समयमा औद्योगिकबाहेक अन्य ग्राहकको विद्युत् आपूर्ति कटौती नगरिने प्रष्ट पारे। हिउँदयाम सुरुसँगै खोला तथा नदीहरूमा पानी घट्दा देशभित्रका नदी प्रवाही (आरओआर) जलविद्युत् आयोजनाहरूको उत्पादन क्षमताभन्दा एकतिहाइ घट्ने गरेको छ।

पिक समयमा आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात गर्न नपाउने अवस्था छ। चिसोका कारण यही समयमा विद्युत्‌को माग बढ्ने तर मुलुकको विद्युत् प्रणालीमा सबैभन्दा बढी हिस्सा रहेको जलविद्युत् आयोजनाहरूको उत्पादन घट्ने अवस्था छ। हिउँदयामको विद्युत् माग र आपूर्ति व्यवस्थापन गर्न भारतबाट विद्युत् आयात गरिँदै आएको छ।

तर, गत वर्षको वैशाखबाट भारतले साँझको समयमा नेपाललाई विद्युत् नदिने भनेको छ। भारतको आन्तरिक खपतका लागि नेपाललाई साँझको समयमा विद्युत् नबेच्ने भनेको कार्यकारी निर्देशक घिसिङ भन्छन्। साँझको समयमा भारतको विद्युत् व्यापार इन्डेक्समा प्रतिमेगावाट बिजुलीको मूल्य १० भारतीय रुपैयाँ पुग्ने गरेको उनले भने।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले नेपाल विद्युत् प्राधिकरणलाई आगामी चैत २ गते (१५ मार्च २०२५)सम्म ढल्केबर-मुजफ्फपुर ४०० केभी क्रसबोर्डर प्रसारण लाइनमार्फत ६०० मेगावाट र टनकपुर-महेन्द्रनगर १३२ केभी प्रसारण लाइनबाट ५४ मेगावाट गरी दैनिक रूपमा ६५४ मेगावाटसम्म विद्युत् आयात अनुमति दिएको छ।

तर, पिक समय साँझ ५ देखि रातको ९ बजेसम्म भने विद्युत् आयात गर्न नपाउने व्यवस्था छ। त्यसपछि ३ चैत २०८१- १६ असार २०८२ (१६ मार्च-३० जुन २०२५)सम्म सोलार आवर अर्थात् बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म मात्र आयात गर्न पाउने स्वीकृति दिइएको छ। तर, उद्योगिहरू भने प्राधिकरणको नियत खराबका कारण विजुली कटौती गर्न लागेको बताउँछन्।

» बाँकी पृष्ठ ६